# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सदुरपश्चिम प्रदेश, नेपाल

# लैङ्गिक हिंसा नियन्त्रण तथा पिडित अधिकार संरक्षण ऐन, २०८२

भाग १ , खण्ड ९ , संख्या २

नगरसभाबाट स्वीकृत मिति :२०८२/०९/२८

प्रकाशन मिति: २०८२ माघ ०८ गते बिहिबार

# पाटन नगरपालिका

# लैङ्गिक हिंसा नियन्त्रण तथा पीडित अधिकार संरक्षण ऐन, २०८२

प्राविधिक सहयोग तथा सहकार्यः

जुरी नेपाल र युएनएफपिए

पेश गरिएकोः

पाटन नगरपालिका

बैतडी

मंसिर, २०८२

## स्थानीय सरकार

## पाटन नगरपालिका

## लैङ्गिक हिंसा नियन्त्रण तथा पीडित अधिकार संरक्षणका लागि व्यवस्था गर्न बनेको ऐन २०८२

## लैङ्गिक हिंसा नियन्त्रण तथा पीडित अधिकार संरक्षण ऐन, २०८२

**प्रस्तावनाः**

पाटन नगरपालिकामा लैङ्गिक आधारमा हुने सबै प्रकारका हिंसाको निवारण गर्नुका साथै सो हिंसाबाट पीडित व्यक्तिहरूको अधिकार संरक्षण र पुनर्स्थापना सुनिश्चित गरी उनीहरूले सुरक्षित, मर्यादित, सम्मानजनक तथा आत्मसम्मानका साथ हिंसा रहित वातावरणमा बाँच्न पाउने संविधानले प्रत्याभूत गरेको मौलिक हक कार्यान्वयन गर्न स्थानीय तहमै लैङ्गिक हिंसा नियन्त्रण तथा पीडित अधिकार संरक्षण सम्बन्धी पृथक् तथा विशेष कानून निर्माण गर्नु उपयुक्त देखिएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पाटन नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद–१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र परिभाषा :**

१.१ यो ऐनको नाम पाटन नगरपालिकाको "**लैङ्गिक हिंसा नियन्त्रण तथा पीडित अधिकार संरक्षण** ऐन, २०८२" रहेको छ ।

१.२ यो ऐन **पाटन नगरपालिकाको** नगर परिषद्ले पास भएकै मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "ऐन" भन्नाले "**लैङ्गिक हिंसा नियन्त्रण तथा पीडित अधिकार संरक्षण** ऐन २०८२" सम्झनु पर्छ।

ख) "पालिका" भन्नाले पाटन नगरपालिका सम्झनु पर्छ ।

ग) लैङ्गिक हिंसा" भन्नाले दफा ४ बमोजिम सार्वजनिक वा निजी जीवनमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतमाथि लिङ्गको आधारमा हुने शारीरिक, मानसिक, यौनजन्य, आर्थिक, शैक्षिक, सामाजिक तथा प्रजनन् स्वास्थ्यमा क्षति, पीडा वा आघात पुर्‍याउने कार्य तथा व्यवहार सम्झनु पर्छ। र सो शब्दले लिङ्गको आधारमा हुने हानिकारक र भेदभावपूर्ण प्रथा, परम्परा वा अभ्यास समेतलाई जनाउँछ।

घ) "कोष" भन्नाले दफा २० बमोजिम यस पालिकाले स्थापना गर्ने लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षण कोष सम्झनुपर्दछ।

ङ)  "कानूनी सहायता प्रदायक"  भन्नाले नगरपालिकामा पीडितलाई कानूनी सहायता सेवा प्रदान गर्ने संस्था वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले जिल्ला कानूनी सहायता समिति समेतलाई जनाउँछ।

च) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट प्रभावित महिला, पुरुष तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति एवं उनीहरूमा आश्रित बालबालिकालाई सम्झनु पर्दछ।

छ)  "समिति" भन्नाले ऐनको दफा ६ बमोजिम गठित "**लैङ्गिक हिंसा निवारण समिति**" सम्झनु पर्छ।

ज)  "कार्यालय" भन्नाले पाटन नगरपालिकाको कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

झ)  प्रेषण संयन्त्र" भन्नाले ऐनको दफा २६ बमोजिम लैंङ्गिक हिंसाका पीडित व्यक्तिको अधिकार संरक्षण तथा हेरचाह सेवाका लागि सिफारिस र सहायता गर्ने संयन्त्र सम्झनु पर्छ।

ञ)  "मनोपरामर्श दाता" भन्नाले नगरपालिकामा रहेको वा नजिकको पीडितलाई मनोविमर्श सेवा प्रदान गर्ने विशेषज्ञता प्राप्त संस्था, व्यक्ति वा मनोवेत्ता सम्झनु पर्छ।

ट) "लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन तथा संञ्चालन" भन्नाले यस ऐनको दफा २० (५) बमोजिम गठित समिति सम्झनु पर्छ।

ठ) "संरक्षण गृह" भन्नाले लैङ्गिक हिंसा पीडितलाई आवासीय हेरचाह सेवा प्रवाह गर्ने हेतुलेनगरपालिकामा रहेको वा नजिकको सुरक्षा गृह सम्झनु पर्छ र सो शब्दले सरकारी निकाय वा गैरसरकारी संस्थाद्वारा सञ्चालित अल्पकालीन आश्रम, आश्रय केन्द्र, पुनर्स्थापना केन्द्र वा सेवा केन्द्र समेतलाई जनाउँछ।

ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद—२

## लैङ्गिक हिंसा सम्बन्धी कसुर

**३.** लैङ्गिक हिंसाको कसूर गर्न गराउन नहुनेः (१) कसैलै कसैमाथि पनि लैङ्गिक हिंसा गर्न गराउन र सो कार्यको निमित्त कसैलाई दुरुत्साहन गर्नु गराउन हुँदैन ।

(२) कसैले लैङ्गिक हिंसा गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन ।

**४. लैङ्गिक हिंसा कसूर मानिनेः** देहायका कुनै कार्य गरे वा गराएमा लैङ्गिक हिंसा गरेको मानिने छ -

**(क) शारीरिक हिंसाः** प्रचलित कानूनमा व्यवस्था गरेकोमा **र** अङ्गभङ्ग तथा कर्तव्य ज्यान ठहर्ने बाहेक लिङ्गको आधारमा कसैले कसैमाथि शारीरिक चोट पुऱ्याउने उद्देश्यले गरिने कुटपिट, लछारपछार, धकेल्ने तथा कपाल भुत्ल्याउने जस्ता शारीरिक रुपमा चोट पुऱ्याउने कानून विपरीतको कार्य गर्ने वा गराउने।

**(ख) मानसिक हिंसाः** प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा बाहेक कुनै पनि व्यक्तिलाई लिङ्गको आधारमा कसैले पनि निजी तथा सार्वजनिक स्थानमा शारीरिक हिंसाको डर देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुठा आरोप तथा लाञ्छना लगाउने, घरबाट निकाला गर्ने, धार्मिक, वा सांस्कृतिक तथा प्रथा परम्परा, जात, संस्कृति, भाषा र अवस्थाका आधारमा भेदभाव गर्ने, अपमान गर्ने, हेला गर्ने जस्ता कार्यहरु गर्ने वा गराउने।

**(ग) आर्थिक हिंसाः** प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा बाहेक कुनै पनि व्यक्तिलाई लिङ्गको आधारमा कसैले पनि आफ्नो हक लाग्ने पारिवारिक वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी प्राप्त गर्न वा आर्थिक स्रोत साधनको पहुँच वा प्रयोग गर्नबाट बञ्चित गर्नु, व्यापार व्यवसाय गर्न नदिनु, श्रम गरी ल्याएको आफ्नो कमाइमा अर्काले नियन्त्रण गर्नु, आवश्यक परेको अवस्थामा खर्च गर्न नदिनु, आर्थिक रुपमा निर्णय गर्न पाउने अधिकारबाट बञ्चित गर्नु, समान मूल्यको काममा पारिश्रमिकमा भेदभाव गर्नु वा पारिश्रमिक नदिनु लगायतका कार्य गर्ने वा गराउने।

**(घ) यौनजन्य हिंसाः** प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा बाहेक कुनै पनि व्यक्तिलाई लिङ्गको आधारमा कसैले पनि निजी तथा सार्वजनिक स्थानमा यौनजन्य प्रकृतिको दुर्व्यवहार, असुरक्षित स्पर्श, अपमान, हतोत्साह वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य गर्ने वा गराउने।

**(ङ) विद्युतीय हिंसा (साइवर हिंसा)ः** भन्नाले प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा बाहेक कसैले पनि कसैलाई लिङ्गको आधारमा विद्युतीय संचार माध्यमहरू जस्तैः कम्प्यूटर, मोवाइल तथा इन्टरनेटका साथै अन्य सामाजिक सञ्जालको माध्यमबाट लेखेर वा बोलेर वा अनैतिक, अशिष्ट र अश्लील शब्द, संकेत वा चित्रणद्वारा चरित्र हत्या गर्ने, आत्मसम्मानमा चोट पुर्याउने, प्रतिष्ठा तथा शिष्टाचार विरुद्ध कसैप्रति घृणा वा द्वेष फैलाउने वा जिस्क्याउने, हैरानी दिने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गराउने,

**(च)** शैक्षिक हिंसाः भन्नाले प्रचलित कानूनमा व्यवस्था गरेको बाहेक कुनै व्यक्ति वा कुनै पनि शैक्षिक स ंस्थाले, शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारी वा समुदायका सदस्यबाट बालिका, महिला, छोराछोरी, यौनिक तथा लैङ्गिक अल्पस ंख्यक व्यक्तिलाई शिक्षा तथा ज्ञान प्राप्त गर्न र परीक्षा दिने अधिकारबाट वञ्चित गर्ने, विद्यालय भर्ना गर्न इन्कार गर्ने वा विद्यालयबाट निष्काशन गर्ने वा गराउने।

**(छ) भेदभाव तथा अपमानजन्य व्यवहारः** प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा बाहेक लिङ्गको आधारमा प्रथा तथा परम्पराको नाउँमा कसैले कसैको निजी तथा सार्वजनिक जीवनमा गरिने कुनै पनि प्रकारको भेदभाव तथा अपमानजन्य व्यवहार, गर्ने वा गराउने।

## परिच्छेद—३

## लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी व्यवस्था

५. लैङ्गिक हिंसा नियन्त्रण : लैङ्गिक हिंसा नियन्त्रण तथा अन्त्यको लागि नगरपालिकाले देहायनुसारको व्यवस्था गर्न सक्नेछ।

(१) **आवधिक योजना तथा कार्ययोजना निर्माणः** नगरपालिकाले लैङ्गिक हिंसा निवारणका लागि आवधिक रूपमा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी योजना तथा कार्ययोजना बनाई लागू गर्न सक्नेछ।

(२) संस्थागत तथा संरचनागत व्यवस्था: नगरपालिकामा लैङ्गिक हिंसा विरुद्धको उजुरी दर्ताका लागि न्यायिक समितिमा उजुरीको गोपनीयता सुनिश्चित हुने सुरक्षित उजुरी डेस्कको स्थापना गर्नेछ।

(३) क्षमता विकास तथा सचेतना कार्यक्रमः विद्यालय, कार्यस्थल, समुदाय र स्थानीय तहमा नियमित रूपमा लैङ्गिक समानता, लैङ्गिक हिंसा नियन्त्रण, यौन दुर्व्यवहार विरुद्धको कानूनी अधिकार सम्बन्धी हरेक वडाबाट जनचेतनामूलक कार्यक्रम तथा अभिमुखीकरण तालिमका साथै पुरुष, महिला, किशोर–किशोरी तथा परिवारका सदस्य सबैलाई समेट्ने गरि व्यवहार परिवर्तन सम्बन्धी समुदायगत कार्यक्रमहरु सञ्चालन गर्नेछ।

**(४)** सुरक्षित वातावरण निर्माण : घर परिवार, समुदाय, विद्यालय, र कार्यस्थलमा सुरक्षित वातावरण निर्माणको लागि आवश्यक भौतिक संरचना तथा अन्य प्रशासनिक व्यवस्था गर्न सक्नेछ।

**(५) सहयोग तथा समन्वयः** दफा ५ (१) (२) (३) र (४) बमोजिम गरिएको व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न स्वदेशी तथा विदेशी संघसंस्था, दातृ निकाय, स्थानीय प्रशासन, प्रहरी, टोल विकास संस्था, बालक्लब, किशोरी समूह, आमा समूह, महिला समूह, युवा क्लब लगायत सामाजिक तथा समुदायमा आधारित संस्था/सञ्जालहरूसँग सहयोग र समन्वय गरिनेछ।

६. **लैङ्गिक हिंसा निवारण समितिः** (१) नगरपालिकामा लैङ्गिक हिंसा निवारण सम्बन्धी नीति योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारिता अभिवृद्धि गर्ननगरपालिकाको अध्यक्षको संयोजकमा देहाय बमोजिम एक लैङ्गिक हिंसा निवारण समिति गठन गरिनेछ ।

(क) प्रमूख - संयोजक

(ख) उप-प्रमूख- सहसंयोजक

(ग) वडा अध्यक्ष, सबै वडाहरू - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ङ) नगरपालिकाको महिला, बालबालिका हेर्ने समितिको संयोजक सदस्य

(च) प्रमुख, समाजिक विकास शाखा- सदस्य

(छ) प्रमुख, शिक्षा शाखा- सदस्य

(छ) प्रमुख, स्वास्थ्य शाखा - सदस्य

(ज) प्रमुख, प्रहरी कार्यालय- सदस्य

(झ) नगरपालिकामा रहेका लैङ्गिक हिंसा निवारण तथा महिला सशक्तिकरणको क्षेत्रमा काम गर्ने संस्थाहरू मध्येबाट अध्यक्षद्वारा मनोनित दुई जना (महिला र सम्भव भए अपाङ्गता भएका महिला) प्रतिनिधि सदस्य

(ञ) नगरपालिका कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाईका प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) समितिको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ।

७. **<u>समितिको काम कर्तब्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) नगरपालिकाका सबै वडाहरूमा लैङ्गिक हिंसा नियन्त्रणका लागि नीति, योजना, कार्यक्रम तथा कार्ययोजना तयार पारी सरोकारवालाहरूको सुझाव सल्लाह सहित कार्यान्वयन गर्ने ।

(ख) पीडितको उद्धार, संरक्षण, पुनर्स्थापना तथा पुनःएकीकरणका लागि नगरपालिकाद्वारा सञ्चालन भएको लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षण कोषको व्यवस्थापन र सञ्चालनमा प्रभावकारिता अभिवृद्धि गर्ने।

(ग) नगरपालिकाभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको विवरण राखी अभिलेख अद्यावधिक गर्ने।

(घ) लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षण कोषको उपयोग र उपादेयता बारे अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ङ) नगरपालिकामा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

(च) लैङ्गिक हिंसाका पीडितहरूलाई स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सहायता, अदालती कारबाही, पुनर्स्थापना र पुनःएकीकरणको सिलसिलामा उनीहरूको आवश्यकता अनुसार स्थानीय सेवा प्रदायकहरू, जिल्ला सदरमुकामका सेवा प्रदायकहरू, प्रदेश तथा संघीय तहका सेवा प्रदायकहरू,

राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग लगायतमा प्रेषण गर्ने स्थानीय प्रेषण संयन्त्रको रूपमा कार्य गर्ने।

## परिच्छेद–४

## लैङ्गिक हिंसा सम्बन्धी कसुरको उजुरी

**८. उजुरी गर्ने :** (१) दफा ४ बमोजिमको लैङ्गिक हिंसा सम्बन्धी कसुर भए गरेको, गरिरहेको वा गर्न लागेकोमा पीडित स्वयम वा थाहा पाउने जुनसुकै व्यक्तिले पीडितको अनुमतिमा सो सम्बन्धी विवरण खुलाई यथासक्य छिटो लिखित उजुरी वा मौखिक सूचना स्थानीय तहको न्यायिक समितिमा दिन सक्नेछ।

(२) उपदफा १ बमोजिम पीडितले उजुरीको लागि अनुमति दिन सक्ने अवस्था नभएमा सो विवरण खुलाई थाहा पाउने जुनसुकै व्यक्तिले पनि उपदफा १ अनुसार उजुरी वा सूचना दिन सक्नेछ ।

(३) उपदफा १ बमोजिम उजुरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखिलेखाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम परेको उजुरीमा स्थानीय न्यायिक समितिले आफ्नो अधिकारक्षेत्र भन्दा वाहिरको प्रचलित कानून अनुसार अन्य निकायमा प्रेशण गर्नु पर्ने उजुरीको हकमा न्यायिक समितिले उजुरी दर्ता भएको तीन दिनभित्र कारवाहीका लागि सम्बन्धित निकायमा प्रेशण गर्नु पर्नेछ।

**९. उजुरी सुनुवाइः** (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा सोहि बमोजिम हुने र अन्य अवस्थामा लैङ्गिक हिंसामा उजुरी परेको ३५ कार्य दिनभित्र उजुरीको यथाशीघ्र टुङ्गो लगाउनु पर्दछ।

(२) यस ऐन बमोजिम परेका उजुरी पालिकाको न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) र (२) अनुसार न्यायिक निरुपण तथा मेलमिलापका अधिकारक्षेत्र भित्रका विवादहरु मात्र हेर्न सक्ने र अन्य अवस्थामा सम्बन्धित निकायमा यथाशीघ्र प्रेषण गर्नु पर्नेछ ।

(३) **मेलमिलापः** दफा ९(२) बमोजिम आफ्नो अधिकारक्षेत्र भित्र परेको उजुरीको सुनुवाईको क्रममा न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ अनुरुप मेलमिलाप तथा न्यायिक निरुपण गर्न सक्नेछ।

(४) **क्षतिपूर्तिको व्यवस्थाः** प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा बाहेक यस ऐन अन्तर्गतको कसूरबाट पीडित व्यक्तिलाई पर्न गएको आर्थिक, सामाजिक, शारीरिक, मानसिक, व्यावसायिक र स्वास्थ्य सम्बन्धी हानी नोक्सानी तथा उजुरी प्रक्रियादेखि अन्तिमसम्म होटेल वास, खाना, याताृयात, कानून व्यवसायी, मनोविमर्श तथा स्वास्थ्य उपचारका आदिका लागि पीडितले व्यहोर्नु परेका खर्चका सम्बन्धमा न्यायिक समितिले मनासिब माफिक रूपमा पीडकबाट क्षतिपूर्ति भराउन सक्नेछ।

**१०. गोपनीयता कायम राख्नुपर्ने :** (१) लैङ्गिक हिंसा पीडित तथा पडित साक्षी र उजुरीकर्तासँग सम्बन्धित सूचना, कागजात तथा निजको व्यक्तिगत जीवनसँग सम्बन्धित जानकारी र पीडितलाई प्रदान गरिएको परामर्श तथा सेवा सम्बन्धी अभिलेखहरु गोप्य राख्नु पर्नेछ ।

(२) माथि उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दा मामिलाको अनुसन्धान तथा सुनुवाइको सिलसिलामा सम्बन्धित निकाय तथा पदाधिकारीबाट जानकारी माग भएमा वा उपचारको क्रममा स्वास्थ्य संस्थाबाट माग भएमा जानकारी उपलब्ध गराउन सकिनेछ ।

(३) **बन्द इजलासमा सुनुवाइ हुने :** यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको सुनुवाइ बन्द इजलासमा गरिनेछ ।

**११. हदम्याद सम्बन्धी व्यवस्था :** (१) प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा लैङ्गिक हिंसा भए गरेको मितिले पैतीस दिनभित्र न्यायिक समिति समक्ष उजूरी दिनु पर्नेछ।

(२) ऐनको दफा ४ बमोजिमको कुनै उजुरी परेकोमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष प्रतिबादी उपश्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्यादभित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्द्र दिनभित्र प्रतिवादी आफै वा वारेस राख्न मिल्ने विवाद भएमा आफ्नो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपश्थित हुनु पर्नेछ ।

**१२.** अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने : प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेकोमा बाहेक यस ऐन अन्तर्गत परेका उजुरीमा लैङ्गिक हिंसा पीडित, पीडित साक्षी तथा पीडितमा आश्रित बालबालिका तथा परिवारको संरक्षण तथा हितको लागि अव आइन्दा कुनै प्रकारको हिंसा नगर्न, शारीरिक मानसिक चोट पुगेको भएका उपचार गराउन, पीडित अलग बस्नु पर्ने अवस्था देखिएमा सोको व्यवस्था गर्न र निजको भरणपोषणको लागि उचित व्यवस्था गर्नका लागि आवश्यकतानुसार अन्तरिम संरक्षणात्मक आदेश दिन सक्नेछ ।

## परिच्छेद—५

## पीडितको उद्धार, संरक्षण, राहत तथा हेरचाह सेवा सम्बन्धी व्यवस्था

**१३. पीडितको उद्धार तथा संरक्षण सम्बन्धी व्यवस्था:** नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति उपर लैङ्गिक हिंसा भएको वा भइरहेको भन्ने बारे कुनै पनि माध्यमबाट जानकारी वा सूचना प्राप्त भएमा तत्काल देहाय अनुसारको उद्धार तथा संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ-

(क) नगरपालिकाको लैङ्गिक हिंसा निवारण समितिका पढाधिकारी, सम्बन्धित प्रहरी कार्यालयको प्रतिनिधी र सामाजिक कार्यकर्ता सम्मिलित टोली परिचालन गरी पीडितको तत्काल उद्धार गर्ने,

(ख) महिला वा बालिका पीडितका हकमा उद्धार टोलीमा अनिवार्य रूपमा महिला प्रतिनिधिहरूको व्यवस्था गर्ने,

(ग) उद्धार गरिएको स्थानबाट प्रमाण नष्ट नहुने गरी सुरक्षित राख्ने,

(घ) पीडितको गोपनीयता बारे सुनिश्चितकासाथै र उनको निजी धनमालको सुरक्षा गर्ने,

(ङ) पीडित तथा उनमा आश्रित बालबालिका तथा परिवारको शारीरिक सुरक्षाका लागि आवश्यकता अनुसार प्रहरी सुरक्षा, अस्थायी आवास वा अन्य सुरक्षात्मक प्रबन्ध मिलाउने,

(च) उजुरी दिएको कारणले पीडित, साक्षी तथा उजूरीकर्तामाथि कुनै पनि प्रकारको प्रतिशोध, धम्की, करकाप वा भेदभाव गर्न नपाइने कुराको सुनिश्चितता गर्ने,

(छ) नगरपालिकामा पीडितहरूलाई हिंसा विरुद्ध सहज रूपमा उजूरी गर्न पाउने गरी सहजीकरण गर्नुका साथै पीडितप्रति सम्मानजनक बोलीचाली र व्यवहार गर्ने गराउने।

**१४. <u>राहत सम्बन्धी व्यवस्था</u>ः** (१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र लैङ्गिक हिंसाबाट पीडित भएका व्यक्तिहरूलाई लक्षित गरी आवश्यकतानुसार देहायका राहतको व्यवस्था गर्नेछ।

(क) पीडितलाई परेका शारीरिक तथा मानसिक चोट वा आघात अनुसार घटनापछि तत्काल आवश्यक पर्ने औषधि उपचार, परामर्श, खाना, बास, लुगाफाटो सरसफाई गायतका आधारभूत आवश्यकता पूर्तिका लागि राहत उपलब्ध गराउने,

(ख) पीडितलाई तत्काल उपचार गराउँदा लागेको औषधी खर्च पीडकले तत्काल बेहोर्न नसक्ने भई अदालतले आदेश दिएकोमा सो आदेश बमोजिम पीडितको स्वास्थ्य उपचार खर्च उपलब्ध गराउने,

(ग) पीडितको उपचार, मनोविमर्श, पुनर्स्थापना, कानुनी सहायता वा हेरचाह सेवाका लागि आर्थिक सहायता उपलब्ध गराउने,

(घ) लैङ्गिक हिसाका अतिजोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि संस्थागत हेरचाहका लागि माग भई आएमा आवश्यता अनुसार सहयोग प्रदान गर्ने,

(२) उपदफा (१) बमोजिमनगरपालिकाले राहत रकम वितरण गर्दा पीडितको अवस्था, जोखिम र आवश्यकताको आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

**१५.** कानूनी सेवा तथा हेरचाह सेवा सम्बन्धी व्यवस्थाः (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र लैङ्गिक हिंसाबाट पीडित भएका व्यक्तिहरूलाई लक्षित गरी आवश्यकता आधारमा देहायका हेरचाह तथा पुनर्स्थापना सेवा उपलब्ध गराउने वा पहुँच दिलाउनेव्यवस्था गर्नेछ-

**(क) औषधोपचारः** पीडितलाई निःशुल्क र गोपनीय तरिकाले नजिकको स्वास्थ्य केन्द्रबाट स्वास्थ्य उपचार सेवा। यसप्रकारको सेवामा आवश्यकता अनुसार स्वास्थ्य परीक्षण, उपचार, स्वास्थ्य परामर्श र औषधी आदि समावेश हुने,

**(ख) मनोसामाजिक परामर्शः** पीडितलाई विज्ञ परामर्शदाता वा मनोवेत्ताबाट आवश्यकता अनुसार मनोसामाजिक परामर्श वा मनोवैज्ञानिक उपचार,

**(ग) आवासीय हेरचाहः** परिवारबाट तत्काल अलग राख्नु पर्ने र वेसहारा भई अतिजोखिममा रहेका पीडितका लागि सरकारी निकाय वा गैरसरकारी संस्थाद्वारा सञ्चालित संरक्षण गृहमा खाना, वास तथा लुगाफाटो लगायत अत्यावश्यकीय सेवाका लागि आवासीय हेरचाह सम्बन्धी सहायता।

**घ) कानून सहायताः** आर्थिक अवस्था कमजोर भएका पीडितको न्यायमा पहुँच अभिवृद्धिका लागि न्यायिक प्रक्रिया अगाडि बढाउन निःशुल्क कानूनी सहयोग तथा परामर्शको लागि सहयोग प्रदान गरिने छ ।

(२) उपदफा (१) वमोजिम उल्लेख भएका स्वास्थ्य उपचार सेवा लगायत अन्य सेवाहरू स्थानीय तहमा उपलब्ध नभई विशेषज्ञता प्राप्त अस्पतालमा प्रेषण गर्नुपर्ने अवस्था आएमा वा पीडितको सुरक्षा संवेदनशीलता वा दीर्घकालीन संरक्षण र सीप विकासका लागि समेत पीडितको अवस्था र आवश्यकता अनुसार नजिकको अन्य स्थानीय निकाय, जिल्ला सदरमुकाम वा मुलुकको अन्य स्थानमा रहेका सेवाप्रदायक समक्ष प्रेषण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए अनुसार सेवा उपलब्ध गराउँदा लागेको खर्च लैङ्गिक हिंसा पीडित संरक्षण कोषबाट तोकिए वमोजिम व्यहोरिने छ।

## परिच्छेद- ६

## पुनर्स्थापना तथा पुनःएकीकरण सम्बन्धी व्यवस्था

**१६. संरक्षण गृह सम्बन्धी व्यवस्थाः** (१) लैङ्गिक हिंसा पीडितहरुलाई संरक्षण दिई पुनर्स्थापना गर्ने हेतुले संरक्षण गृह सम्बन्धमानगरपालिकाले देहाय अनुसारको अल्पकालीन तथा दीर्घकालीन व्यवस्था गर्न सक्नेछ-

(क) घटना स्थल वा परिवारबाट तत्कालै उद्धार गरी संरक्षण गर्नुपर्ने पीडितलाई लक्षित गरी उपचार तथा आकस्मिक सेवा प्रदान गर्नका लागिनगरपालिकाले आफ्नो क्षेत्रभित्र संरक्षण गृह स्थापना र सञ्चालन गर्ने,

यसरी नगरपालिकामा स्थापना हुने संरक्षण गृहलाई प्रभावकारी रूपमा सञ्चालन गर्ननगरपालिकाले स्थानीय गैर सरकारी संस्था तथा सामाजिक सङ्घ-संस्थासँग समन्वय तथा सहकार्य गर्न सक्नेछ,

(ख) नगरपालिकामा महिलाअधिकार, बाल अधिकार तथा लैङ्गिक हिंसा उन्मूलनको क्षेत्रमा कार्यरत ईच्छुक संस्थाहरुलाई नगरपालिकाको निर्णय बमोजिम आवश्यकताका आधारमा संरक्षण गृह स्थापना र सञ्चालन गर्न अनुमति दिने,

(ग) नगरपालिकामा स्थापना हुने संरक्षण गृहको भौतिक सुविधा, सुरक्षा मापदण्ड लगायतका विषयमा नगरपालिकाले संरक्षण गृह स्थापना र सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड र कार्यविधि बनाई लागू गर्ने र सो अनुसार संरक्षण गृह सञ्चालन भए नभएको बारे अनुगमन गर्ने,

(घ) नगरपालिकामा संरक्षण गृह सञ्चालन नरहेको अवस्थामा सुरक्षित आवासीय हेरचाहको आवश्यकतामा रहेका पीडितहरूलाई आवश्यकता अनुसार जिल्लाभित्रै अन्य स्थानीय तहमा वा जिल्ला सदरमुकाम, अन्य जिल्ला, प्रदेश वा संघीय सरकारद्वारा सञ्चालित संरक्षण गृहमा पीडितले भोगेको हिंसाको प्रकृति, गाम्भीर्यता, परिवारको आर्थिक हैसियत, पीडितको उमेर, शैक्षिक स्तर र अदालती कारवाही आदिका आधारमा प्रेषण गर्ने।

(२) उपदफा (१) मा उल्लेख भए अनुसार पीडितलाई लक्षित गरीनगरपालिकाद्वारा स्थापना र सञ्चालन हुने संरक्षण गृहका साथै पीडितलाई अन्य सरंक्षण गृहमा प्रेषण गर्दा लाग्ने खर्च लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षण कोषबाट तोकिए वमोजिम व्यहोरिने छ।

१७. **शिक्षा तथा सीप सहायताः** संरक्षण गृहले आश्रित पीडितहरूको आवश्यकता र स्थिति हेरी उनीहरूलाई आधारभूत शिक्षा, सीप तथा व्यवसायीमूलक तालीम प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१८. **बीउ पुँजी सम्बन्धी सहायताः नगरपालिका**ले दफा १७ वमोजिम सीप तथा व्यवसायीमूलक तालीम प्राप्त गरेका पीडितलाई आयआर्जन, स्वरोजगार र स्व-व्यवसाय स्थापनाका लागि लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षण कोषबाट तोकिए बमोजिमको केही रकम बीउपुँजीको रूपमा अनुदान दिने व्यवस्था मिलाउनेछ।

१९. **पुनःएकीकरण गराउनेः** (१) संरक्षण गृहले आश्रित पीडितहरूलाई उनीहरूको सुरक्षा अवस्था, चाहना र सम्भाव्यता हेरी जतिसक्यो चाँडो पारिवारिक पुनरमिलन सम्बन्धी योजना बनाई परिवारमा पुनःएकीकरणको लागि पहल गर्नु पर्नेछ।

(२) विविध कारणले पारिवारिक पुनरमिलन गराउन सकिने अवस्थामा नरहेका पीडितहरूका हकमा संरक्षण गृहले सामाजिक पुनःएकिकरणकालागि योजना बनाई सोही अनुसार व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद- ७

## लैङ्गिक हिंसा पीडित संरक्षण कोषको व्यवस्था

२०. **लैङ्गिक हिंसा पीडित संरक्षण कोषः** (१) स्थानीय तहमा लैङ्गिक हिंसा नियन्त्रण गर्न, हिंसाबाट पीडित व्यक्तिहरूको संरक्षण गरी अत्यावश्यक सेवा प्रदान गर्नुका साथै उनीहरूको पुनर्स्थापनाका लागि संरक्षण गृह सञ्चालन गर्न समेतका लागिनगरपालिकाले एक लैङ्गिक हिंसा पीडित संरक्षण कोष स्थापना गर्नेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्।

क) नेपाल सरकारबाट प्राप्त रकम

ख) प्रदेश सरकारबाट प्राप्त रकम

ग) नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम तथा वजेट योजनामा यस कोषको लागि छुट्याएको रकम

घ) विदेशी व्यक्ति अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम

ङ) स्वेदशी व्यक्ति तथा संस्थाबाट प्राप्त रकम

च) महिला हक हितका क्षेत्रमानगरपालिकाको क्षेत्रभित्र कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चकोनगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा भएको रकम

छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) उपदफा २ बमोजिमको रकमनगरपालिकाले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

(४) कोषको खाता सञ्चालनः लैङ्गिक हिंसा पीडित संरक्षण कोष खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दरखास्तबाट हुनेछ ।

(५) लैङ्गिक हिंसा पीडितको उद्धार, संरक्षण तथा राहत व्यवस्थापन तथा सञ्चालनको लागि लैङ्गिक हिंसा पीडित सहायता कोष व्यवस्थापन तथा संञ्चालन समिति गठन गर्नेछ ।

**२१. वजेट वनियोजन सम्बन्धी व्यवस्था :** (१) पाटन नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम तथा बजेट योजनामा लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षणका लागि आवश्यक बजेट विनियोजन गर्नेछ । बजेट विनियोजन गर्दा पीडित तथा पीडितमा आश्रित बालबालिकाहरुको संरक्षण तथा पुनर्स्थापनामा समेत सहयोग हुने गरी गर्नु पर्नेछ ।

(२) ऐनको दफा ५ बमोजिम लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी योजना तर्जुमा तथा योजना कार्यान्वयन र कार्यक्रमहरु कार्यान्वयनका लागिनगरपालिकाले बार्षिक रूपमा बजेट विनियोजन गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कार्यान्वयन गरिएको योजना तथा कार्यायोजना बारे लैङ्गिक हिंसा निवारण समितिले आवधिक रूपमा समिक्षा र मूल्याङ्कन गरी पुनरावलोकन गर्नेछ।

## परिच्छेद– ८

## विविध

**२२. विशेष प्राथमिकता दिनुपर्नेः** यस ऐन अन्तर्गत लैङ्गिक हिंसा पीडितलाई सेवा प्रवाह गर्दा दलित, अपाङ्गता भएका महिला र बालिका तथा विभिन्न कारणले पछाडि पारिएका सिमान्तकृत समुदायका पीडित महिलालाई विशेष प्राथमिकता दिनेछ ।

**२३. भेदभाव गर्न नहुने :** लैङ्गिक हिंसा पीडितले यस ऐन बमोजिम पाउने संरक्षण सेवा तथा सुविधामा कसैलाई पनि निजको लिङ्ग, उत्पत्ति, धर्म, वर्ण, जातजाति, समुदाय, पेशा व्यवसाय, पहिचान, शारीरिक अवस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट संक्रमित भएको वा हुने जोखिममा रहेको अवस्थाका आधारमा कुनै किसिमले भेदभाव गर्न पाइने छैन ।

**२४. चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेः** नगरपालिकाका सबै वडाहरूमा लैङ्गिक हिंसा नियन्त्रणका साथै पीडितको संरक्षण, पीडितको अधिकारको सुनिश्चितता, लैङ्गिक हिंसा सम्बोधनमा परिवार तथा समुदायको भूमिका प्रवर्द्धन, न्यायमा पहुँच लगायतका विषयमा समुदाय प्रहरी साझेदारी कार्यक्रम, टोल विकास संस्थाका साथै समुदायमा आधारित विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गर्न वडास्तरिय कार्यक्रमहरु वनाई लागू गर्ने छ।

**२५. समन्वय र सहकार्यः** (१) पालिकाले हिंसा निवारण र पीडितहरुको संरक्षणका लागि आवश्यकता अनुसार सरकारी निकाय, विकास साझेदार संस्था, गैरसरकारी सस्था, नागरिक समाज, संचार क्षेत्रसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

**२६. प्रेषणः** पालिकाले पीडितको आवश्यकता अनुसार पीडितको निशुल्क कानूनी सहयोग, स्वास्थ्य तथा मनोविमर्श र उपचारको लागि सरकारी तथा गैरसरकारी संस्थाहरु जस्तै जिल्ला कानूनी सहायता समिति, एकद्वार संकट व्यवस्थापन केन्द्र, जिल्ला अदालतको वैतनिक कानून व्यवसायी, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महिला बालबालिका तथा जेष्ठ नागरिक प्रहरी सेल, जिल्ला प्रशासन कार्यालय तथा सो विषयमा कार्यरत अन्य गैरसरकारी संस्थाहरुमा प्रेषण गर्ने व्यवस्था मिलाउन सक्नेछन् ।

**२७. प्रचलित कानून बमोजिम हुनेः** (१) यस ऐनमा व्यवस्था भए जति कुरामा यसै ऐन बमोजिम र यस ऐनमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा माथि जुनसुकै व्यवस्था भएता पनि यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर हुने रहेछ भने त्यस्तो कसूरमा संघीय सरकारका अन्य प्रचलित कानुन बमोजिम मुदा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन।

**२८. नियम, कार्यीबिधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने अधिकारः** यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, कार्यबिधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

**२९. खारेजी तथा बचाउः** (१) यस ऐनसँग बाँझिएका अन्य कुनै ऐन तथा कानूनी व्यवस्थाहरु बाँझिएको हदसम्म खारेज हुनेछ।

(२) पालिकाको विद्यमान लैङ्गिक हिंसा निवारण कोष कार्यविधि (सञ्चालन), २०७७ खारेज गरिएको छ ।